फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७९/११/०५

यस फेदाप गाउँपालिकामा तपसिल बमोजिमका रिक्त रहेका पदहरुमा फेदाप गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ तथा फेदाप गाउँ कार्यपालिकाको मिति २०७९।११।०४ गतेको निर्णय बमोजिम सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र र सो दिन बिदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको समयमा गाउँपालिकाबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी रितपुर्बकको आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बिज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| ३३/२०७९-०८० | कम्प्युटर अपरेटर | पाचौं | १ | |
| ३४/२०७९-०८० | ना.प.स्वा.प्रा. | चौथो | १ | |
| ३५/२०७९-०८० | अ.हे.व. | चौथो | १ | |
| ३६/२०७९-०८० | अ.सब-ईन्जिनियर | चौथो | १ | |

१. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः
- नेपाली नागरिकताको प्रमाणप्रत्र ।
- शैक्षिक योग्यताको प्रमाणपत्र ।
- तालिम तथा अनुभव सम्बन्धी कागजातहरु ।

२. परीक्षाको किसिमः- लिखित र मौखिक (प्रयोगात्मक परीक्षा कम्प्युटर अपरेटर पदको हकमा)

३. परीक्षा मितिः- संक्षिप्त सूची प्रकाशन गर्दा गरिनेछ ।

४. दरखास्त दस्तुरः- सहायक पाचौं तहको लागि दरखास्त दस्तुर रु.५००, सहायक चौथो तहको लागि दरखास्त दस्तुर रु.४०० बुझाउनु पर्नेछ ।

५. दरखास्त पाउने ठाउः फेदाप गाउँपालिकाको कार्यालय, पोक्लावाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट https//www.phedapmun.gov.np मा दरखास्त बाट Download गर्न सकिनेछ ।

६. दरखास्त दिने प्रकृयाः तोकिएको आवश्यक कागजातहरु स्वयम् प्रमाणित गरी तोकिएको दस्तुर यस गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर साथ रितपुर्वकको आवेदन फारम भरी स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ ।

७. दरखास्त दिने अन्तिम मितिः- २०७९/११/१९ गते कार्यालय समयमा ।

८. उम्मेदवारको उमेरको हदः- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।)

९. पाठ्यक्रमः- प्रदेश लोकसेवा आयोगले तोके बमोजिम ।

**१०.आवश्यक न्युनतम योग्यता**

क) कम्प्युटर अपरेटरको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरि रजिस्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर कोर्ष पुरा गरेको हुनु पर्नेछ ।अथवा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

ख) अ.हे.व.को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्ष वा सो सरह उतिर्ण ।

ग) ना.प.स्वा.प्रा.को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पशुपन्छी विज्ञान तर्फ १८ महिने वा सो सरह उतिर्ण ।

घ) अ.सब-ईन्जिनियर पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियर विषयमा प्राविधिक एस.एल.सि. वा सो सरह उतिर्ण ।

११. काम गर्नु पर्ने स्थानः-फेदाप गाउँपालिकाको कार्यक्षेत्र भित्र ।

१२. तलव भत्ता तथा अन्य सुविधाः- करार सम्झौतामा उल्लेख भए बमोजिम ।

१३. थप जानकारीको लागिः९८५२०८०६००

१४. नोटः यस सूचनामा उल्लेख भए बाहेकका विषयमा करार सेवा पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

द्रष्टब्यः रितपुर्वक पेश नभएको तथा म्याद नाघी दर्ता हुन आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन। छनोट समितिले मापदण्ड पुरा गरेका आवेदकलाई मात्र छोटो सुचीमा समावेश गरिनेछ।